प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

प्रमुख सचिव

आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७६(दोस्रो संशोधन समेत मिलाइएको)

मूल कार्यविधि स्वीकृत भएको मितिः २०७६/०८/१९
पहिलो संशोधन मितिः२०७७/०१/२३
दोस्रो संशोधन मितिः२०७९/०४/१६

<u>प्रस्तावनाः</u> प्रदेश सरकारले प्रदान गर्ने अनुदान सहायता, औषधी उपचार सहायता तथा आर्थिक सहायतालाई पारदर्शी र व्यवस्थित तुल्याउन वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७६ बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "राष्ट्रसेवक कर्मचारी" भन्नाले गण्डकी प्रदेशमा कार्यरत राष्ट्रसेवक कर्मचारीलाई सम्झनुपर्छ र सो शब्दले करारमा रहेका, स्वकीय सचिवालयमा कार्यरत कर्मचारी तथा सुरक्षा निकायका कर्मचारी समेतलाई जनाँउछ।

(ख) "कार्यालय" भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश सम्झनु पर्छ।

(ग) "संघ संस्था" भन्नाले गण्डकी प्रदेशलाई कार्यक्षेत्र बनाएका गैर नाफामुलक तथा परोपकारी गैर सरकारी संस्था, सामाजिक संघ संस्था, क्लब, समूह, समाज जस्ता संघ संस्था सम्झनु पर्छ।

३. <u>संघ संस्थालाई दिइने अनुदान सहायताः</u> (१) प्रदेश सरकारले देहायका कार्यक्रम सञ्चालन गर्न संघ संस्थालाई अनुदान सहायता प्रदान गर्न सक्नेछ।

(क) राहत तथा पुनर्स्थापना सम्बन्धी कार्यक्रम,

(ख) वातावरणमैत्री मसानघाट, चिहान, कब्रिस्तान जस्ता दाहसंस्कार व्यवस्थापन सम्बन्धी कार्यक्रम,

(ग) स्थानीय भाषा, संस्कृति संरक्षण र विकास सम्बन्धी कार्यक्रम,

सचिव

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

प्रमुख सचिव

(घ) ऐतिहासिक पोखरी, उद्यान, पाटी, पौवा, सत्तल, मन्दिर, गुम्बा, मस्जिद, देवल, सामुदायिक भवन, वृद्धाश्रम आदिको निर्माण, मर्मत सम्भार तथा संरक्षण सम्बन्धी कार्यक्रम,

(ङ) खेलकुद विकास सम्बन्धी स्थानीय, प्रदेश तथा राष्ट्रिय स्तरका कार्यक्रम, र

(च) प्रदेश सरकारले आवश्यक सम्झेका अन्य कार्यक्रम।

(२) मुख्यमन्त्रीले संघ संस्थालाई उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालन गर्न प्रति संघ सस्था रु. १,००,०००।- (अक्षरेपि एक लाख रुपैयाँ) सम्म अनुदान सहायता उपलब्ध गराउन सक्नेछ।

(३) उपदफा (२) मा तोकिए भन्दा बढी रकम संघ संस्थालाई उपलब्ध गराउनु परेमा प्रदेश सरकार, मन्त्रिपरिषद्ले निर्णय गरी उपलब्ध गराउन सक्नेछ।

(४) उपदफा (२) बमोजिमको अनुदान सहायता एउटा संस्थालाई एक आर्थिक वर्षमा एक पटक भन्दा बढी पटक उपलब्ध गराउन सकिने छैन।

(५) यस दफा बमोजिमको अनुदान सहायता माग गर्ने संघ संस्थाले आफूले सञ्चालन गर्ने कार्यक्रमको विवरण खुलाई निवेदन दिनु पर्नेछ।

४. <u>औषधी उपचार सहायता:</u> (१) मुख्यमन्त्री, सभामुख, मन्त्री, उपसभामुख, विपक्षी दलको नेता, प्रमुख सचेतक, प्रदेश सभाका समितिका सभापति, सचेतक, प्रदेश सभाका सदस्य, मुख्य न्यायाधिवक्ता, प्रदेश लोक सेवा आयोगका अध्यक्ष तथा सदस्यहरू, मुख्यमन्त्रीका राजनीतिक सल्लाहकार, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष तथा सदस्यहरू, प्रदेश सरकारद्वारा नियुक्त पदाधिकारी र राष्ट्रसेवक कर्मचारी तथा तिनीहरुका आश्रित परिवारका सदस्य र राष्ट्रिय जीवनमा महत्त्वपूर्ण योगदान पुऱ्याउने व्यक्तिलाई मुटु, मृगौला, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर, स्पाईनल इन्जुरी, हेडइन्जुरी, कलेजो, अप्लाष्टिक एनिमिया, थालिसिमिया, मस्तिष्क आघात, सिकलसेल एनिमिया जस्ता कडा रोगको उपचारका लागि नेपालमा वा विदेशमा गई उपचार गराउँदा प्रदेश सरकारले पन्ध्र लाख रुपैयाँमा नबढ्ने गरी औषधी उपचार सहायता उपलब्ध गराउन सक्नेछ।

सचिव

प्रमुख सचिव

•(१क.) उपदफा (१) मा उल्लेख भए बाहेकका व्यक्ति बिरामी परी औषधी उपचारमा आर्थिक सहयोग गर्न आवश्यक छ भन्ने लागेमा प्रदेश सरकारले बढीमा एक लाख रुपैयाँसम्म औषधी उपचार सहायता उपलब्ध गराउन सक्नेछ।

•(१ख.) ✕ .....

α(२) उपदफा (१) वा (१क.) बमोजिमको सहायता एक व्यक्तिलाई एउटा रोगमा एक पटक मात्र उपलब्ध गराउन सकिनेछ।

तर बिरामीको अवस्था तथा आर्थिक स्थितिको आधारमा उपदफा (१) वा (१क.) बमोजिम उपलब्ध गराइएको रकमबाट उपचार गराउन अपुग भएको विशेष परिस्थितिमा प्रदेश सरकार, मन्त्रिपरिषद्ले निर्णय गरी थप औषधी उपचार सहायता उपलब्ध गराउन सक्नेछ।

α(३) उपदफा (१) वा (१क.) बमोजिमको औषधी उपचार सहायता माग गर्ने बिरामी वा निजको हकदारले स्वदेशको हकमा रोग खुलेको सरकारी वा सामुदायिक वा प्रचलित कानून बमोजिम दर्ता तथा सञ्चालित अस्पतालको विशेषज्ञ चिकित्सकको प्रेस्क्रिप्सन, नागरिकताको प्रतिलिपि, स्थानीय तहको सिफारिस र विदेशमा गई उपचार गराउनु पर्ने भएमा नेपाल मेडिकल बोर्डको सिफारिस संलग्न राखी कार्यालयमा निवेदन दिनुपर्नेछ।

(४) ✕ .....

(५) उपदफा (१) α वा (१क.) बमोजिमको औषधी उपचार सहायता माग गर्ने बिरामीले स्वदेशका अस्पतालमा उपचार सम्भव हुँदाहुँदै आफूखुसी विदेशको अस्पतालमा उपचार गराएमा यस कार्यविधि बमोजिम औषधी उपचार उपलब्ध गराइने छैन।

(६) ✕ .....

(७) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार तथा अन्य संघ संस्थाबाट अन्य औषधी उपचार सहायता पाएको कारणले मात्र यस दफा बमोजिमको औषधी उपचार सहायता उपलब्ध गराउन बाधा पर्ने छैन।

५. विपन्न नागरिकको लागि आर्थिक सहायता: (१) बेखर्ची भई वा आकस्मिक सानो तिनो उपचार गराउन नसक्ने भई समस्यामा परेका वा विपन्न नागरिकले मुख्यमन्त्री समक्ष

• पहिलो संशोधनद्वारा थप गरिएको।
α दोस्रो संशोधनद्वारा संशोधित।
✕ दोस्रो संशोधनद्वारा झिकिएको।

सचिव

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

प्रमुख सचिव

आर्थिक सहायताका लागि निवेदन दिएमा मुख्यमन्त्रीले आवश्यकता विचार गरी प्रति निवेदकलाई बढीमा रु.२५,०००। (पच्चीस हजार) सम्म आर्थिक सहायता स्वरुप उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आर्थिक सहायता एक जना निवेदकलाई एक आर्थिक वर्षमा एक पटक भन्दा बढी पटक उपलब्ध गराउन सकिने छैन्।

(३) उपदफा (१) बमोजिमको आर्थिक सहायता प्राप्त गर्नका लागि निवेदनका साथ सम्भव भएसम्म नेपाली नागरिकताको प्रमाणपत्र वा आफ्नो परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।

६. <u>बाधा अड्काउ फुकाउन सक्ने:</u> यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा कार्यालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

सचिव